नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## प्रदेश परीक्षा व्यवस्थापन कार्यालय

लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

पत्र संख्या:-२०८२/०८३

मितिः २०८३/०३/१६

ने.स.११४६ तछलाथ्व पुन्हि

श्री कक्षा ११/१२ सञ्चालन भएका विद्यालय/क्याम्पसहरु सबै,
गुल्मी, पाल्पा, नवलपरासी (ब.सु.प), रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, नवलपरासी (ब.सु.पू)।

विषय: कक्षा १२ को **Transcript, Migration र Provisional (TMP)** प्रमाणपत्र वितरण सम्बन्धमा।

राष्ट्रिय परीक्षा बोर्डद्वारा मिति २०८३/०३/०५ गते प्रकाशित कक्षा १२ को नतिजामा प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तीमा D ग्रेड एवम् प्रयोगात्मक परीक्षामा कम्तीमा C ग्रेड प्राप्त गरेका परीक्षार्थीहरूको नतिजा प्रकाशन भएको मितिले १५ दिन पश्चात Transcript, Migration र Provisional (TMP) प्रमाणपत्र प्राप्त गर्न विद्यार्थीले SEE र कक्षा ११,१२ मा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको ग्रेडसिट वा लेजरको प्रमाणित प्रति लगायतका कागजात सहित सम्बन्धित शैक्षिक संस्थाले बोर्डबाट तोकिएको शुल्क प्रति विद्यार्थी रू १५००/- (एक हजार पाँच सय) विद्यार्थीबाट संकलन गरी एकमुष्ट रकम यस कार्यालयको **राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय बुटवल, खस्यौलीमा रहेको खाता न.३१२०१००००२४५२००१** मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नुहुन अनुरोध छ। साथै विद्यार्थी/अभिभावक हरुलाई व्यक्तिगत रुपमा यस कार्यालयमा नपठाई विद्यालयहरुले नै तपसिल बमोजिमको ढाँचामा पेश गर्नुहुन जानकारी गराईन्छ।

<u>तपसिल:</u>

| क.स. | विद्यार्थीको नाम, थर | रजिस्ट्रेशन न. | रकम रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |

पुनश्च:

*रजिष्ट्रेशन नम्बरको सुरुका दुई अंक ६८ भन्दा अगाडी भएमा वा अनुत्तीर्ण/NG भएमा तथा पहिले पेश गरेका र अन्य विद्यालयका विद्यार्थीहरुको रकम दाखिला नगर्नुहुन,

*नाम, थर, जन्ममिति सच्याउनुपर्ने/सुधार गर्नुपर्ने भएमा सोको रकम एकमुष्ट जम्मा नगरि छुट्टै भौचरमा जम्मा गर्नुहुन,

*जम्मा गर्नुपर्ने भन्दा बढी रकम दाखिला गरेमा सो रकम फिर्ता नहुने हुँदा विद्यार्थी संख्या अनुसारको रकम यकिन गरी जम्मा गर्नुहुन।

*थप जानकारी तथा सूचनाको लागि हाम्रो वेवसाईट butwal.neb.gov.np हेर्नुहुन।

राष्ट्रिय परीक्षा बोर्ड
प्रदेश परीक्षा व्यवस्थापन कार्यालय
बुटवल, रुपन्देही